## अनुसूची – १

### (नियम५ सँग सम्बन्धित)

# उपभोक्ता समिति दर्ताको लागि दिईने दरखास्त

श्री अध्यक्षज्यू

नगर जलश्रोत समिति, शैल्यशिखर नगरपालिका

उपरोक्त समिति दर्ता गर्नका लागि देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु।

१. उपभोक्ता समितिको नाम र ठेगाना ............................................................ समिति
२. उपभोक्ता समितिको उद्देश्य – निर्वाध रुपमा खानेपानी सञ्चालन,मर्मत तथा सरसफाइ गर्ने
३. श्रोत रहेको दार्चुला जिल्ला शैल्यशिखर नगरपालिका वडा नं. ............. ...
४. उपयोग गर्ने पानीको परिमाण ................ यम.यम
५. आयोजना सम्पन्न गर्न लाग्ने समय ................
६. आयोजना सम्पन्न गर्दा लाग्न जाने अनुमानित खर्च – ................
७. नेपाल सरकारले विकास गरी हस्तान्तरण गर्ने आयोजना भए सो आयोजनाको नाम र त्यस सम्बन्धी अन्य विवरण
८. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु –

(क) आयोजना सम्बन्धी विस्तृत विवरण उल्लेख भएको कागजात ।

(ख) उपभोक्ता समितिका सबै पदाधिकारीहरुको दस्तखत सहित तीन प्रति विधान।

(ग) उपभोक्ता समितिका सबै पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी ।

(घ) न.पा.को सिफारिश ।

(ङ) उपभोक्ता समितिको बैठक बसी विधान दर्ताका लागि गरेको निर्णयको प्रतिलिपी ।

माथि लेखिएको व्यहोरा ठिक साँचो छ भुठ्ठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

दरखास्त दिनेको

सही –

नाम –

ठेगाना –

मिति–

# <u>खानेपानी उपभोक्ता समिति को विधानः</u>

**<u>प्रस्तावनाः</u>**

घरेलु तथा अन्य उपयोगको लागि जनसहभागितामा........................... उपभोक्ता समितिको आयोजनाको तर्जुमा,विकास,निर्माण तथा संचालन र मर्मत सम्भार गरी निर्दिष्ट क्षेत्रमा नियमित रुपले स्वच्छ खानेपानी तथा सरसफाई सेवाको समुचित व्यवस्था गरेर जनताको स्वास्थ्यमा सुधार र सुविधामा बृद्धि गरी ग्रामिण विकासमा सहयोग पुर्याउने उद्देश्यले यस खानेपानी उपभोक्ता तथा सरसफाई समितिको स्थापना गरिएको छ।

## <u>परिच्छेद १</u>

## <u>प्रारम्भिक</u>

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस विधानको नाम "............................. खानेपानी उपभोक्ता समितिको विधान, ................ " रहनेछ।

(ख) यो विधान खानेपानी नियमावली, २०५५ को नियम६ बमोजिम नगर जलश्रोत समितिले दर्ता गरे को मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषा**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

(क) "विधान" भन्नाले ......................... खानेपानी योजना उपभोक्ता समितिको विधान………… सम्झनु पर्दछ।

(ख) "उपभोक्ता समिति " भन्नाले जलश्रोत ऐन, २०४९ र खानेपानी नियमावली २०५५ अनुसार यस विधान बमोजिम गठन भएको................खानेपानी योजना उपभोक्ता समिति सम्झनु पर्दछ। यसलाई छोटकरीमा उपभोक्ता समिति पनि भनिनेछ।

(ग) "कार्य समिति" भन्नाले विधानको दफा १७ बमोजिम गठित कार्य समिति लाई सम्झनु पर्दछ। यी शब्दले कार्य समितिको निर्वाचन नभए सम्मका लागि तदर्थ खानेपानी उपभोक्ता तथा सरसफाई समिति समेत जनाउँने छ।

(घ) "अध्यक्ष" भन्नाले यस विधान बमोजिम गठित कार्य समितिको अध्यक्ष सम्झनु पर्दछ।

(ङ) "कोषाध्यक्ष"भन्नाले यस विधान बमोजिम गठित कार्य समितिको कोषाध्यक्ष सम्झनु पर्दछ।

(च)"सचिव"भन्नाले यस विधान बमोजिम गठित कार्य समितिको सचिव सम्झनु पर्दछ।

(छ)"सदस्य"भन्नाले यस विधान बमोजिम गठित कार्य समितिको सदस्य सम्झनु पर्दछ। सो शब्दले यस विधान बमोजिम सदस्यता प्राप्त गर्ने अरु व्यक्ति समेत लाई जनाउने छन्।

(ज) "उपभोक्ता"भन्नाले यस विधान बमोजिम गठित उपभोक्ता समितिले उपलब्ध गराएको खानेपानी तथा सरसफाई सेवा उपभोग गर्ने व्यक्ति वा निकाय सम्झनु पर्दछ।

(झ)"सेवा"भन्नाले यस विधान बमोजिम गठित उपभोक्ता समितिले उपभोक्ताहरुलाई उपलब्ध गराएको खानेपानी तथा सरसफाई सेवा सम्झनु पर्दछ।

(ञ)"खानेपानी" भन्नाले घरेलु तथा अन्य उपयोगको निमित्त प्रशोधन गरी वा नगरी एकमुष्ट वा पृथक पृथक उपभोक्ता समितिले वितरण गरेको खानेपानी सम्झनु पर्दछ।

(ट)"जलश्रोत" भन्नाले भू– सतहमा वा भूमिगत रुपमा रहेको वा अन्य जुनसुकै अवस्थामा रहेको प्राकृतिक पानी सम्झनु पर्दछ।

(ठ)"आयोजना" भन्नाले उपभोक्ता समितिले कार्यान्वयन गर्ने खानेपानी तथा सरसफाई सम्बन्धी आयोजना सम्झनु पर्दछ।

(ड)"महशुल"भन्नाले उपभोक्ता लाई सेवा उपलब्ध गराए वाफत त्यस्तो सेवा उपभोग गर्ने उपभोक्ताले उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्ने शुल्क सम्झनु पर्दछ।

(ढ)"संरचना" भन्नाले खानेपानीको श्रोतबाट खानेपानी जम्मा गर्ने, नियन्त्रण गर्ने, प्रशोधन गर्ने वा वितरण गर्ने उद्देश्यले बनाइएका पानी ट्यांकी, जलाशय, पाइपलाईन, ढलनिकास, प्रशोधन, केन्द्र,धारा वा यस्तै प्रकारका अन्य संरचना र यस्ता संरचनाले चलेको क्षेत्र समेत सम्झनु पर्दछ।

(ण)"सर्वेक्षण" भन्नाले आयोजना कार्यान्वयन गर्नगर्नुपर्ने वातावरणिय असर, श्रोत बाट ल्याउन सकिने खानेपानीको परिमाण, लाभान्वित हुने परिवार तथा सदस्य संख्या समेतको विश्लेषण गरी खानेपानी तथा सरसफाईको व्यवस्थापनका लागि गरिने आर्थिक, सामाजिक, प्राविधिक लगायत, विस्तृत ईन्जिनीयरिङ्ग डिजाईनको कार्य र त्यस्ताको लागि गरिने अन्वेषणको कार्य समेत सम्झनु पर्दछ।

(त)"सम्झौता" भन्नाले उपभोक्ता समितिले आयोजनाको कार्यान्वयन तथा संचालन गर्न जिल्ला समन्वय समिति, गाउँपालिका/नगरपालिका, खानेपानी तथा सरसफाई डिभिजन/सब– डिभिजन कार्यालय वा गैह्र सरकारी समिति तथा अन्य कुनै निकायहरु संग गरेको सम्झौता सम्झनु पर्दछ।

(थ) "साधारणसभा" भन्नाले उपभोक्ता समितिको साधारण सभा सम्झनु पर्दछ। सो शब्दले उपभोक्ता समितिको विशेष साधारण सभालाई समेत जनाउंनेछ ।

(द) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि असार मसान्त सम्मको समय सम्झनु पर्दछ।

(ध) "आयोजना" भन्नाले सामुदायिक खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत कार्यान्वयन हुने अनुसूचि १मा उल्लेख भएको खानेपानी तथा सरसफाई आयोजना सम्झनुपर्दछ।

(न) “तोकिएको वा तोकिए बमोजिम”भन्नाले जलश्रोत ऐन२०४९, खानेपानी नियमावली २०५५र जलश्रोत नियमावली २०५० तथा यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(प) “कर्मचारी”भन्नालेउपभोक्ता समितिले संचालन गरेको आयोजनाको दैनिक कार्य संचालन गर्न नियुक्त गरेको कर्मचारी सम्झनु पर्दछ।

## परिच्छेद– २

### उपभोक्ता समितिको स्थापना

**३. उपभोक्ता समितिको स्थापनाः**

क) तोकिएको क्षेत्रमा सामुहिक लाभको दृष्टिकोणले स्वच्छ खानेपानीको आपूर्ति तथा सरसफाई सेवाको समुचित व्यवस्था गर्नको लागि …………………………..खानेपानी उपभोक्ता समिति नामको उपभोक्ता समितिको स्थापना गरिएको छ।

ख) उपभोक्ता समितिको प्रधान कार्यालय शैल्यशिखर न.पा.अन्तर्गतत वडानं………………..मा रहने छ र कार्य समिति बाट निर्णय गरी आवश्यकता अनुसार शाखा कार्यालयहरु थप गर्न सकिनेछ।

**४. उपभोक्ता समिति संगठित समिति हुने**

क) उपभोक्ता समिति अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित संगठित समिति हुनेछ।

ख) उपभोक्ता समितिको सम्पूर्ण काम कारवाहीको निमित्त उपभोक्ता समितिको नाम, सम्बन्धित न.पा.को नाम, दर्ता भएको साल र लोगो अंकित आफ्नो एउटा छुट्टै छाप हुनेछ।

ग) उपभोक्ता समितिले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न वा अन्य किसिमले व्यबस्था गर्न सक्नेछ।

घ) उपभोक्ता समितिले व्यक्ति सरह आफ्नो नाम बाट नालिस उजुर गर्न र सो उपर पनि सोही नाम बाट नालिस उजुर लाग्न सक्नेछ।

### परिच्छेद– ३

### <u>उद्देश्य</u>

**५. उपभोक्ता समितिको उद्देश्य**

१. उपभोक्ता समितिका निम्न लिखित उद्देश्य रहने छन ।

(क) घरेलु तथा अन्य उपभोगका लागि खानेपानी तथा सरसफाई सम्बन्धी आयोजना तर्जुमा, निर्माण, सञ्चालन, मर्मत तथा सम्भार र विस्तार गरी आयोजना क्षेत्रमा नियमित रुपमा स्वच्छ खानेपानी आपूर्ति गर्ने र सरसफाई

सेवा उपलब्ध गराई उपभोक्ताको स्वास्थ्यमा सुधार  र सुविधामा बृद्धि गर्ने।

(ख) आयोजना क्षेत्र भित्र रहेको पुरानो खानेपानी आयोजनाको उचित सम्भार र संरक्षण गर्न्दे आयोजनाको दिगो सञ्चालन तथा व्यबस्थापन लाई निरन्तरता दिने।

(ग) न्यून आय भएका उपभोक्ताहरुका लागि समेत खानेपानी तथा सरसफाईको सेवा उपलब्ध गराउन उनीहरुले ब्यहोर्न सक्ने महसुल कायम गर्ने।

२. उपदफा (१) मा उल्लेखित उद्देश्य हासिल गर्न उपभोक्ता समितिले प्रचलित ऐन, कानून तथा समय समयमा नेपाल सरकारले दिएको निर्देशनको अधिनमा रही आबश्यकता अनुसार सम्बन्धित निकायहरु संग समन्वय राखी निम्न कार्यहरु गर्नेछ।

(क) खानेपानी  तथा सरसफाई आयोजनाका सम्बन्धमा उपभोक्ता समिति र नेपाल सरकार, विदेशी सरकार, अन्तर्राष्ट्रिय दातृ समिति तथा स्थानीय निकायहरुका वीच भएका सम्झौता बमोजिम सम्पन्न गर्नुपर्ने कार्यहरु गर्ने गराउने।

(ख) खानेपानी तथा  सरसफाई डिभिजन,सब– डिभिजन कार्यालय र गै.स.स.हरुको सहयोगमा आयोजनाको खानेपानी श्रोत तथा वितरण प्रणाली र सरसफाई सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण गरी श्रोत देखि वितरणस्थलसम्मको बाटो(Alignment) निर्धारण र सोको रेखांकन गर्ने, इन्टेक पानीट्यांकी, पाइपलाईन, धारा आदि आवश्यक संरचना तथा सरसफाई सम्बन्धी कामको डिजाइन तथा ईष्टिमेट तयार गर्ने।

(ग) जिल्ला समन्वय समिति, गाउँपालिका,नगरपालिका र उपभोक्ताबाट आयोजनाकालागि उपलब्ध हुने र कम र दातृ संस्था तथा नेपाल सरकारबाट प्राप्त हुने रकमको प्रयोग गरी विस्तृत डिजाइन प्रतिवेदन अनुसार खानेपानी तथा सरसफाई डिभिजन,सब– डिभिजन कार्यालय र गैह्रसरसकारी संस्थाको सहयोगमा आयोजनाको निर्माण कार्य गर्ने गराउने।

(घ)आयोजना कार्यान्वयन गर्दा आवश्यक भए प्रचलित कानून बमोजिम अचल सम्पत्ति अधिग्रहण गरी आयोजना लाई व्यवस्थित किसिम बाट कार्यान्वयन गर्ने गराउने।

(ङ)सरसफाईको क्षेत्रमा प्रभावकारी रुपले उपभोक्ताहरुको सक्रियता बढाई चक्र कोषको उपयोग मार्फत आयोजनामा निर्दिष्ट सरसफाई कार्यक्रम कार्यान्वयन गर्ने।

(च)गरिबीको रेखामुनि पर्ने उपभोक्ताहरुको आर्थिक स्तर उकास्ने खालका आयआर्जनका श्रोत परिचालन गर्न सहयोग पुर्याउने।

(छ) नेपाल सरकारले खानेपानीका लागि निर्धारण गरेको गुणस्तर सरहको पानी उपभोक्ताहरुलाई उपलब्ध गराउने

(ज) समुदायमा रहेका जात, जाति, आदिवासी तथा महिला वर्गको उत्थानको कार्यक्रम संचालन गर्ने।

(झ) आयोजनाका विभिन्न संरचनाहरुको आवश्यक मर्मत तथा सम्भार गर्दै आयोजना सञ्चालन गर्ने।

(ञ)खानेपानी  तथा सरसफाई सेवाको उपयोगको सम्बन्धमा आवश्यक शर्तहरु तोक्ने, दुरुपयोग हुन नदिने तथा प्रदुषण नियन्त्रण गर्ने।

(ट) तोकिए बमोजिम सेवा उपलब्ध गराए बापत त्यस्तो सेवा प्राप्त गर्ने ब्यक्ति वा निकाय तथा उपभोक्ता बाट महसुल, विलम्ब शुल्क आदि असुल उपर गर्ने।

(ठ)उपभोक्ता समितिको उद्देश्य पूर्तिको लागि आवश्यक पर्ने अन्य सम्पूर्ण कार्य गर्ने गराउने।

## परिच्छेद– ४

## कार्यक्षेत्र

### ६. कार्यक्षेत्र

यस...............................खानेपानी योजना उपभोक्ता समितिको आयोजना ................. वडा.........मा रहेको .............मुहानबाट .............न.पा., वडा नं.............. हुदै ................बस्तीमा आउने गर्दछ। योजनाको मेन लाईन ............कि.मी. र शाखा लाईन .......... कि.मी. लगायत सम्पूर्ण संरचनाहरु र तिनको समुचित सम्बर्दन र संरक्षण उपभोक्ता समितिको कार्यक्षेत्र भित्र पर्दछन।

## परिच्छेद – ५

## सदस्यता

### ७. उपभोक्ता समितिको सदस्यता

उपभोक्ता समितिले यस विधानको दफा ९ र १० को परिधिभित्र रही उपभोक्ता समितिको कार्यक्षेत्रभित्रका सेवा उपयोग गर्ने स्वास्थ्य चौकी, सामाजिक संघसंस्था, उपभोक्ता समिति, दैवी प्रकोपको कारणले अस्थायी रुपमा खडागरिएका शिविर, विद्यालय, सरकारी वा गैरसरकारी कार्यालय, उद्योग, कारखाना तथा सर्वसाधारण नागरिक लाई साधारण सदस्यता प्रदान गर्न सक्नेछ। सामान्यतया उद्योग, व्यवसाय, सरकारी कार्यालय तथा संघ समितिको हकमा कार्यालय प्रमुख वा निजले तोकेको ब्यक्तिलाई यस उपभोक्ता समितिको साधारण सदस्यता प्रदान गर्न सक्नेछ।

### ८. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :

क) उपभोक्ता समितिको सदस्य बन्न साधारण सभाबाट निर्धारण गरिएको शुल्क तिर्नु पर्नेछ।

ख) सदस्यता नविकरण शुल्क कार्य समितिले तोके वमोजिम हुनेछ।

ग)यस विधानको परिधि र प्रचलित कानुनको प्रावधान भित्र रही सदस्यता वितरण सम्बन्धी कार्यविधि कार्यसमिति आफैले निधारण गर्न सक्नेछ।

घ) कुनै संघ, संस्थालाई पनि समितिले निर्णय गरि सदस्यता प्रदान गर्न सक्नेछ।

### ९. सदस्यताको लागि योग्यता

उपभोक्ता समितिको विधान र नियम लाई पालना गर्ने निम्न उपभोक्ता(व्यक्ति) सदस्यको लागि योग्य मानिनेछ।

(क) २१बर्ष उमेर पुगेको नेपाली नागरिक।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको।

(ग) संघसंस्था भए प्रचलित कानून बमोजिम दर्ता भई कानूनी मान्यता प्राप्त भएको।

**१०. सदस्यताको लागि अयोग्यताः**

- निम्न व्यक्ति सदस्यताको लागि अयोग्य ठहरिनेछ

  (क) २१बर्ष उमेर पूरा नभएको ।

  (ख) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट दोषी करार भएको।

  (ग) सदस्य को विरुद्ध अविश्वासको प्रस्ताव यस विधान बमोजिम पारित भएमा वा सदस्यता नवीकरण नगरेको।

  (घ) कुनै सेवा प्राप्त गर्ने व्यक्ति वा उपभोक्ताले तोकिएको महसूल नबुझाई कार्य समितिले सदस्यता बाट हटाइको।

- उपभोक्ता समितिको उद्देश्य रहित विपरीत कार्य गरे गराएको वा त्यस्तो कार्य गर्ने गराउने प्रयत्न गरे गराएको प्रमाणित हुन आएमा कार्यसमितिले त्यस्तो सदस्यको सदस्यता समाप्त गर्न सक्नेछ। तर यसरी सदस्यता समाप्त गर्नुपूर्व सफाईको मौका दिनु पर्नेछ।

## परिच्छेद– ६
## साधारण सभा

**११. साधारण सभाको गठन विधि र सभाको सन्चालनः**

१. उपभोक्ता समितिको सर्वोच्च निकायको रुपमा साधारण सभा हुनेछ। कार्यसमिति साधारण सभाप्रति र साधारणसभा सम्पुर्ण उपभोक्ताहरुको हितप्रति उत्तरदायी हुनेछ। साधारणसभाको निर्णय र निर्देशन कार्य समितिले अनिर्वाय रुपमा पालन गर्नुपर्नेछ।

२. उपभोक्ता समितिको साधारण सभा वर्षको १ (एक) पटक बस्नेछ। यसलाई वार्षिक साधारण सभा भनिनेछ।यसमा उपभोक्ता समितिको सदस्यता प्राप्त गर्ने सबै व्यक्ति उपस्थित हुन सक्नेछन्।

**१२. विशेष साधारण सभा**

कार्य समितिले निर्णय गरे बमोजिम वा उपभोक्ता समितिको एक चौथाई साधारण सदस्यले लिखित रुपमा अध्यक्ष समक्ष साधारण सभाको बैठक बोलाउन माँग गरे मा सचिवले कार्यसमितिले तोकेको स्थान र समयमा १५ दिन भित्र विशेष साधारण सभा बोलाउनु पर्नेछ।

**१३.सभाको सूचना**

वार्षिक साधारण सभा बस्नका लागि कम्तीमा ३०दिन अगावै र विशेष साधारण सभा बस्नको लागि कम्तीमा १५दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल हुने विषय उल्लेख गरी साधारण सदस्यलाई सूचना दिइनेछ। यस्तो सूचना उपभोक्ता समितिको सूचना पाटीमा टाँसि वापत्त पत्रिका मार्फत पनि प्रकाशित गर्न सकिनेछ।

**१४.गणपूरक संख्या**

क) सभामा उपस्थित भई मतदान गर्न पाउने कुल सदस्य संख्याको ५१प्रतिशत सदस्यको उपस्थितिलाई सभाको गणपूरक संख्या पुगेको मानिनेछ। तर पहिलो पटक गणपूरक संख्या नपुगेमा दोश्रो पटक एकतिहाई र दोश्रो पटक पनि गणपूरक संख्या नपुगेमा तेश्रो पटक एक चौथाई सदस्य संख्या नै सभाको गणपूरक संख्या मानिनेछ। उपस्थिति सदस्य संख्याको बहुमतको निर्णय मान्य हुनेछ।

ख) साधारण सभाको अध्यक्षता कार्यसमितिको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा उपाध्यक्ष र निज पनि अनुपस्थिति भएको अवस्थामा उपभोक्ता समितिको सदस्य मध्ये ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ। तर जसका विरुद्ध अविश्वासको प्रस्ताव ल्याएको हो उसले सभाको सभापतित्व गर्न पाउने छैन।

ग) साधारण सभामा पेश गरिने सबै विषयहरु प्रस्तावका रुपमा पेश गर्नु पर्नेछ।

घ) पक्ष विपक्षमा मत संकलन गर्दा साधारणतया हात उठाई गरिनेछ। मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ। आवश्यक परेमा गोप्य मतदान गराउन सकिनेछ।

**१५.साधारण सभाको काम कर्तव्य र अधिकार**

१. साधारण सभाको काम कर्तव्य र अधिकार देहाए बमोजिम हुनेछन्।

(क) कार्यसमितिका सदस्य तथा पदाधिकारीको निर्वाचन गर्ने।

(ख) बार्षिक बजेट पारित गर्ने।

(ग) लेखापरीक्षक नियुक्त गर्ने र परिश्रमिक तोक्ने।

(घ) लेखापरिक्षण प्रतिवेदन उपर छलफल र निर्णय गर्ने।

(ङ) कार्यसमितिलाई आवश्यक निर्देशन दिने।

(च) विधान संशोधन तथा विधान र विधानका अधीनमा रही बनाएको नियम विनियममा उल्लेखित अधिकार प्रयोग गर्ने।

(छ) उपभोक्ता समितिले उपलब्ध गराएको खानेपानी उपभोग गर्न उपयोग हुने मीटरको प्रयोग तथा विलिङ्ग सम्बन्धमा अनुगमन गर्ने।

(ज) पानी महशुल, विलम्ब शुल्क वा अन्य सेवा दस्तुरहरुको पुनरावलोकन एवं संशोधन परिमार्जनको लागि कार्य समितिले प्रस्तुत गर्ने प्रस्ताव माथि छलफल गरी स्वीकृति प्रदान गर्ने।

(झ) व्यवस्थापन तथा प्राविधिक कामका लागि आवशयक कर्मचारीहरुको दरबन्दी स्वीकृत गर्ने।

(ञ) उपभोक्ता समितिको सेवा क्षेत्रबाहिरका छिमेकी नगरपालिका वा वडाहरुको विकास निर्माणका कार्य हरुमा सहयोग गर्ने सम्बन्धमा छलफल गरी कार्यसमितिले गरेको निर्णय अनुमोदन गर्ने।

(ट) उपभोक्ता समितिको नियम विनियम बनाउने र उपभोक्ता समितिको उद्देश्य प्राप्तिका लागि आवश्यक समिति वा उप– समिति गठन गर्ने।

(ठ) उपभोक्ता समितिको सदस्यता शुल्क सम्बन्धमा आवश्यक निर्णय गर्ने।

२. यो विधान र यस विधान अन्तर्गत बनेका नियम र विनियमको अधिनमा रही उपभोक्ता समितिले गर्नुपर्ने सम्पुर्ण काम कारवाही गर्नु तथा कार्यसमितिलाई प्राप्त सम्पुर्ण अधिकारको प्रयोग तथा कर्तव्यको पालना गर्नु साधारण सभाको कर्तव्य हुनेछ।

**१६. सल्लाहकार**

उपभोक्ता समितिको उद्देश्य प्राप्तिका लागि कसैलाई सल्लाहकारमा नियुक्त गर्न आवश्यक छ भन्ने कार्यसमितिलाई लागेमा कार्यसमितिले त्यस्ता व्यक्तिलाई सल्लाहकारमा नियुक्ति गर्न सक्नेछ।

## परिच्छेद–७
## कार्यसमिति

**१७. कार्यसमिति**

१. प्रजातान्त्रिक किसिमको निर्वाचन प्रक्रियाद्वारा उपभोक्ताको कामकारवाही, संचालन, रेखदेख र व्यवस्थापनको लागि उपभोक्ता समितिले९ (नौ) जना सदस्य भएको एक कार्यसमितिको गठन गर्नेछ। जनजाति तथा दलितहरुको प्रतिनिधित्व निजहरुको जनसंख्या अनुपातमा कम्तीमा १ जना नघट्ने गरि हुनुपर्नेछ।

२. कार्य समितिमा दोहायका पदाधिकारी तथा सदस्य रहने छन्।

(क) साधारण सभाबाट निर्वाचित १ (एक) जना– अध्यक्ष

(ख) साधारण सभाबाट निर्वाचित १ (एक) जना– सचिव

(ग) साधारण सभाबाट निर्वाचित १ (एक) जना– कोषाध्यक्ष

(घ) साधारण सभाबाट निर्वाचित ६ (छ) जना– सदस्य

३. कार्यसमितिका पदाधिकारीको कार्य अवधि ४ वर्षको हुनेछ। कुनै उचित कारण वश अर्को कार्यसमितिको गठन हुननसकेको अवस्थामा बढीमा १ वर्षसम्म सोही कार्यसमितिले कार्य संचालन गर्न सक्नेछ।

४.कार्यसमितिका पदाधिकारी तथा सदस्यको पदावधि देहायको अवस्थामा समाप्त हुनेछ।

(क) कार्यसमितिका अन्य पदाधिकारी तथा सदस्यले अध्यक्ष समक्ष राजीनामा दिई स्वीकृत भएमा।

(ख) लिखित सूचना बिना लगातार ३ पटक सम्म बैठकमा अनुपस्थित भएमा र सोको उचित कारण पेश गर्न नसकेमा।

(ग) उपभोक्ता समितिको साधारण सदस्य नरहेमा।

(ङ) मृत्यु भएमा।

५. कार्यसमितिको कुनै पनि सदस्य वा पदाधिकारीको पद बिच मारिक्त भएमा बाँकी अवधिका लागि त्यस्तो रिक्त पदपूर्ति कार्यसमितिको निर्णयले गर्न सक्नेछ, तर बहुमत पदाधिकारी एवं सदस्यको पद खाली भएमा सो को पदपूर्ति साधारणसभाबाट मात्र गर्न सकिनेछ।

## १८. निर्वाचन

उपभोक्ता समितिका सदस्यहरुको उपस्थितिले छानेको व्यक्तिको संयोजकत्वमा स्थानीय भद्रभलादमी शिक्षक वा सरकारी कार्यालयको कर्मचारीहरु मध्येबाट २ जना सदस्य रहने निर्वाचन समितिबाट निर्वाचन गराउनुपर्नेछ।

## १९. शपथ ग्रहण

नवनिर्वाचित समितिका अध्यक्ष ,सचिव, कोषाध्यक्ष तथा सदस्यहरुले निर्वाचन समितिको संयोजक समक्ष सपथ ग्रहण गर्नेछन्। सामान्यतया निर्वाचन सम्पन्न भएको ७ दिन भित्र तोकिएको ढाँचामा शपथ ग्रहण गराई पदाधिकारीले कार्यभार सम्हाल्नु पर्नेछ।

## २०. कार्यसमितिको काम, कर्तव्य र अधिकार

(क) नियमावली तथा विनियमावली तयार गर्ने।

(ख) वार्षिक बजेट तथा कार्यक्रम तयार पारी साधारण सभामा पेशगर्ने र साधारण सभाले निर्णय गरे बमोजिम कार्य संचालन गर्ने।

(ग) उपभोक्ता समितिको लागि आर्थिक श्रोत जुटाउने।

(घ) आयोजनाका लागि उपभोक्ताहरुबाट उपलब्ध गराउनुपर्ने लागतको २०% रकममध्ये कम्तीमा१% रकम नगदै उपभोक्ताले उपभोक्ता समितिको खातामा विकास चरणमा जम्मा गर्ने।

(ङ) आयोजना सम्पन्न भएपछि १ वर्षसम्म संचालन तथा मर्मत सम्भारमा खर्चहुने अनुमानित रकम (लागत अनुमान बमोजिम) पनि आयोजनाको विकास चरणभित्रै उपभोक्ता समुदायबाट संकलन गरी मर्मत सम्भार खातामा जम्मा गराउने।

(च) आयोजनाको कुल लागतको उपभोक्ताले बेहोर्नुपर्ने बाँकी १९% रकम बरामद नगद, जिन्सी वा जनश्रमदान उपलब्ध गराउने।

(छ) उपभोक्ता समितिको दैनिक कार्यसंचालन गर्न उपभोक्ता समितिका लागि कर्मचारी नियुक्ति गर्ने, पारिश्रमिक तथा सेवाका शर्तहरु तोक्ने।

(ज) उपभोक्ता समितिको कोष संचालन गर्ने।

(झ) विस्तृत डिजाइन प्रतिवेदन अनुसार आयोजना तर्जुमा, विकास तथा कार्यान्वय नगर्ने ,नगराउने।

(ञ) उपभोक्ता समितिको उद्देश्य परिपूर्तिका लागि कार्यक्रम तयगरि कार्यानवयन गर्ने,गराउने।

(ट) उभोक्ता समितिले आयोजना निर्माण, संचालन, मर्मत सम्भार तथा विस्तारका लागि नेपाल सरकार वा अन्य कुनै निकायबाट अनुदान प्राप्त गर्ने र जिल्ला समन्वय समिति, गाउँपालिका,नगरपालिका, गैरसरकारी संस्था र उपभोक्ता समितिका बीचमा भएको सम्झौताको शर्त अनुसार तोकिएको समयमा लक्षित कार्य सम्पन्न गर्ने/गराउने।

(ठ) खानेपानी तथा सरसफाई सम्बन्धी सेवा प्रदान गर्ने।

(ड) नेपाल सरकारले खानेपानीको लागि निर्धारण गरे बमोजिम गुणस्तर कायम गर्ने।

(ढ) आयोजनाको सुरक्षा, संचालन, मर्मत सम्भार र रेखदेख गर्ने।

(ण) प्रचलित ऐन नियमले तोकिए बमोजिमका कार्य नगरेमा सेवा बन्द गर्ने, कटौती गर्ने।

(त) उपभोक्ता समितिले सेवा उपलब्ध गराए वापत त्यस्तो सेवा प्राप्त गर्ने व्यक्ति वा निकायलाई महशुल तथा सेवा शुल्क तोकि असुल उपर गर्ने / गराउने।

(थ) उपभोक्ता समितिको उद्देश्य प्राप्तिका लागि आवश्यक उप–समितिहरु गठन गर्ने।

(द) श्रोत परिचालन सम्बन्धी आईपर्ने सम्पूर्ण कार्य गर्ने / गराउने।

(ध) आम्दानी खर्चको लेखापरिक्षण गराउने।

(न) सल्लाहकार नियुक्ति वा मनोनयन गर्ने।

(प) आवश्यकता अनुसार अधिकार प्रत्यायोजन गर्ने।

(फ) प्रचलित ऐन कानूनमा तोकिए बमोजिम उपभोक्ता तथा अन्य व्यक्तिले गर्न नहुने कार्य गरेमा कार्यसमितिले प्रचलित ऐन नियम र यस विधान बमोजिम तोकिए अनुसार सम्बन्धित निकायबाट कानुनी उपचार लिने।

(ब) कार्यसमितिका तर्फबाट प्रतिनिधित्व गर्ने।

(भ) कार्यसमितिको निर्वाचन सम्बन्धी व्यवस्था मिलाउने।

(म) कार्यसमितिका सदस्यको सुविधा (बैठक भत्ता तथा अन्य) तोक्ने।

(य) कार्यसमिति समक्ष हक दावी वा नामसारीको निवेदन पर्न आएमा प्रचलित कानून अनुसार हक दावी तथा नामसारी गरि दिने।

(र) विधानमा लेखिएका, अन्य कार्य गर्ने तथा फुकुवा गर्ने।

**२१अध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) साधारण सभा एवं कार्यसमितिको बैठक बोलाउने।

(ख) साधारणसभा एवं कार्यसमितिको बैठकको अध्यक्षता गर्ने।

(ग) आवश्यकता अनुसार अन्य क्षेत्रमा उपभोक्ता समितिको तर्फबाट प्रतिनिधित्व गर्ने।

(घ) आवश्यकता अनुसार उपभोक्ता समितिको तर्फबाट कुनै व्यक्ति, उपभोक्ता समिति, सरकारी निकाय संग सम्झौता गर्ने।

(ङ) समितिको निर्णय कार्यान्वयन गर्ने /गराउने। आवश्यकतानुसार आफुमा रहेका अधिकार प्रत्यायोजन गर्ने।

(च) उपभोक्ता समितिले कार्यान्वयन तथा संचालन गरेको आयोजनाको समष्टिगत जिम्मेवारी लिने।

(छ) आयोजनाको सफल संचालन र उपभोक्ताको हितलाई सर्वोपरि प्राथमिकता दिई समय समयमा उप–आयोजनाको निरीक्षण गर्ने।

(ज) कार्यसमितिको बैठकमा कुनै विषयमा छलफल हुंदा मत बराबर भएमा निर्णायक मत दिने।

(झ) आयोजनाको विकास तथा निर्माण चरणमा गै.स.स.को प्रतिनिधि संग संयुक्त रुपमा कार्य संचालन, खाता संचालन गर्ने वा गर्न लगाउने।

(ग) उपभोक्ता समितिको हित हुने अन्य कार्य गर्ने।

**२२सचिवको काम, कर्तव्य र अधिकार**

(क) अध्यक्षको निर्देशानुसार वा कार्यसमितिको आवश्यकता अनुसार बैठक बोलाउने।

(ख) कार्यसमिति बैठक वा साधारणसभाको सूचना दिने।

(ग) कार्यसमति र साधारणसभाले पारित गरेका निर्णयको अभिलेख राखी कार्यसमितिको निर्णय प्रमाणित गर्ने, र निर्णय कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने।

(घ) साधारणसभामा उपभोक्ता समितिको वार्षिक कार्यक्रम पेश गर्ने।

(ङ) उपभोक्ता समितिको वार्षिक प्रगति विवरण तयार गर्ने।

(च) उपभोक्ता समितिको उद्देश्य प्राप्तिका लागि नेपाल सरकार वा उपभोक्ता समितिमा पेश गर्नुपर्ने प्रतिवेदन तयार गर्ने/गराउने, उपभोक्ता समितिको हित हुने अन्य कार्य गर्ने/ गराउने।

(छ) उपभोक्ताहरु संग सम्पर्क राखी आयोजना सम्बन्धी जानकारी लिने दिने।

**२३कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) उपभोक्ता समितिको आय–व्यय ठीक दुरुस्त राख्ने, राख्न लगाउने।

(ख) वार्षिक आर्थिक प्रतिवेदन एवं आय–व्यय विवरण तयार गर्ने र कार्य समितिमा र साधारण सभामा पेश गर्ने/गराउने।

(ग) नेपाल सरकारको कुनै निकायमा पेश गर्नुपर्ने आर्थिक विवरण तयार गर्ने/गराउने।

(घ) उपभोक्ता समितिको आय श्रोत जुटाउन सक्रिय रही उपभोक्ता समितिको दैनिक कार्यसम्पादनका लागि उपभोक्ता समितिको प्रमुख वा सम्बन्धित निकाय संग सम्पर्क राखी काम गर्ने।

(ङ) उपभोक्ता समितिको लेखापरिक्षण सम्बन्धी कार्यमा सहयोग गर्ने।

(च) उपभोक्ता समितिको लेखा सम्बन्धी कार्यको जिम्मेवारी लिने।

(छ) अध्यक्षसंगको संयुक्त दस्तखतमा बैंकमा उपभोक्ता समितिको मर्मत सम्भार खाता खोली संचालन गर्ने।

(ज) प्रत्येक वर्ष कम्तीमा एक पटक साधारण सभामा आयोजनाको आम्दानी र खर्चको विवरण जानकारी गराई अनुमोदन गराउने।

(झ) लेखा सम्बन्धी प्रतिवेदनको जानकारी खानेपानी तथा सरसफाई डिभिजन/सब–डिभिजन कार्यालयमा दिनु पर्ने।

(ञ) उपभोक्ता समितिको नाममा जम्मा हुन आएको चल अचल सम्पत्ति नगद जिन्सी आदि सम्पत्तिको जिम्मा लिई त्यसको हिसाब किताब राखी खर्चको फाँटवारी तयार गर्ने गराउने।

(ट) आवश्यकता अनुसार तोकिए बमोजिम अन्य काम समेत गर्ने।

**२४ सदस्यको काम, कर्तव्य र अधिकार**

(क) कार्यसमिति र साधारण सभाको भेलाले निर्णय गरेका कुराहरुलाई कार्यान्वयन गर्न सहयो गर्ने।

(ख) आयोजना संग सम्बन्धित विषयमा समस्या परेमा समाधान गर्न कोशिस गर्ने।

(ग) अध्यक्षको निर्देशन अनुसार आयोजनाको स्थायित्वको निमित्त आवश्यक कार्य गर्ने।

(घ) उपभोक्ता संग सम्पर्क राखी आयोजना सम्बन्धी जानकारी लिने दिने।

(ङ) कार्य समितिले तोकिएको कार्य गर्ने।

**२५. कार्यसमितिको बैठक सम्बन्धी कार्यविधी**

१. कार्यसमितिको बैठक कम्तीमा प्रत्येक महिनाको एक पटक बस्नेछ।

२. बैठकमा हुने छलफलका लागि प्रस्तावित विषयसूचि सहित, बैठक बस्ने, मिति, समय र स्थान उल्लेख गरी कार्यसमितिका पदाधिकारीलाई घटीमा ३ दिन अगाडीनै अध्यक्षको निर्देशनमा कार्यसमितिको सचिवले पत्रबाट सूचित गर्नेछ। कार्यसमितिको सदस्यहरुले प्रस्तुत गर्ने प्रस्तावहरु लिखित रुपमा ३ दिन अगावै सचिव मार्फत पेश गर्नु पर्नेछ। र सचिवले अध्यक्षको अनुमतिमा उक्त प्रस्तावहरु बैठक शुरु हुनु भन्दा एक दिन अगावै कार्यसमितिका अन्य सदस्यहरु लाई लिखित रुपमा जानकारी गराउनेछ।

३. कार्यसमितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा सचिव र सचिवको पनि उपस्थिति रहेमा समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

४. दुई तिहाई भनी किटान गरिएको विषयहरु बाहेक अन्य विषयहरुमा सामान्य बहुमतको आधारमा निर्णय गरिनेछ

## परिच्छेद– ८
## आर्थिक श्रोत

**२६. उभोक्ता समितिको आर्थिक श्रोत देहाय बमोजिम हुनेछः**

(क) सरकारी वा गैर सरकारी संस्थाबाट सहयोग वा अनुदान स्वरुप प्राप्त रकम।

(ख) सदस्यता शुल्क बाट प्राप्त रकम।

(ग) विदेशी दातृ संस्थाबाट प्राप्त रकम (यस्तो रकम प्राप्त गर्दा नेपाल सरकारको स्वीकृति लिइनेछ) ।

(घ) साधारण सभा वा कार्यसमितिले निर्णय गरे बमोजिम प्राप्त हुने रकम।

(ङ) अन्य प्रचलित व्यहोराले उपभोक्ता समितिले प्राप्त गर्ने रकम।

(च) उभोक्ताबाट उठाईएको पानी महशुल लगायत अन्य रकम।

(छ) दण्ड जरिवाना बाट उठेको रकम।

(ज) निर्माण वा अन्य श्रोतबाट आयोजनामा बचत भएको रकम आदी।

**२७. चल अचल समपत्तिको विवरणः**

यस विधान बमोजिम प्राप्त रकम तथा उपभोक्ता समितिको नाउंमा रहेको चल अचल जायजेथा उपभोक्ता समितिको सम्पत्ति हुनेछ। सम्पत्तिको परिचालन कार्यसमितिले निर्णय गरेबमोजिम हुनेछ।

## २८. कोष र कोषको संचालन

उपभोक्ता समितिको एउटा छुट्टै कोष हुनेछ। सो कोषमा दफा२७ बमोजिम प्राप्त रकम आम्दानी बाँधिने छ। अध्यक्ष, कोषाध्यक्ष दुई जनाको संयुक्त दस्तखत वा कार्यसमितिले निर्णय गरी तोकेका व्यक्तिहरुबाट बैंकमा मर्मत सम्भार खाता खोली यी मध्ये अध्यक्ष वा सचिव र कोषाध्यक्ष दुई जनाको संयुक्त दस्तखतबाट खाता संचालन गरिनेछ।

## २९. लेखा र लेखापरीक्षण

१. उपभोक्ता समितिको सम्पत्ति र आय–व्ययको विवरण कार्यसमितिले तोकिदिए बमोजिम राखिनेछ।

२. आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र उपभोक्ता समितिको आय–व्यय विवरण र वासलात तयार गरी कार्यसमितिले तोकेको लेखापरीक्षकद्वारा लेखापरीक्षण गराइनेछ।

३. लेखापरीक्षण भइसकेपछि सोहि विवरण र लेखापरीक्षकको प्रतिवेदन कार्यसमितिमा पेश गरी कार्यसमिति मार्फत साधारण सभामा पेश गरिनेछ।

# परिच्छेद– ९

# विविध

## ३०. निर्वाचन सम्बन्धि व्यवस्था

१. निर्वाचन सम्बन्धि सम्पूर्ण कार्यविधि कार्यसमितिले तोके बमोजिम हुनेछ।

२. उपभोक्ता समिति दर्ता भै तोकिएको कार्य अवधि पुरा हुन अगावै पनि उपभोक्ता समितिको पदाधिकारीहरु हेरफेर हुन गएमा विधान अनुसार ६ महिनाभित्र निर्वाचन गराई सोको जानकारी नगर जलश्रोत समिति संघिय खानेपानी आयोजना तथा खानेपानी तथा सरसफाइ डिभिजन/सब–डिभिजन कार्यालय, लगायत अन्य सम्बन्धित निकाय लाई दिइनेछ।

३. निर्वाचित सदस्य तथा पदाधिकारीको कार्यवधि ४ (चार) वर्षको हुनेछ।

## ३१. उमेदवार हुन अयोग्यताः

१. यस विधानको दफा १० बमोजिमको अयोग्य भएको व्यक्ति कार्यसमितिको सदस्य तथा पदाधिकारीको पदमा उमेदवार हुन सक्ने छैन।

२. कार्य समिति सामूहिक एवं व्यक्तिगत रुपले साधारण सभाप्रति उत्तरदायी हुनेछ।

३. कार्यसमितिको कुनै सदस्य वा पदाधिकारीले यस उपभोक्ता समितिको विरुद्ध कार्य गरी उपभोक्ता समितिलाई हानी नोक्सानी पुर्याउन खोजेको कुरा प्रमाणित हुन आएमा त्यस्तो सदस्य उपर साधारण सभामा मतदान गर्न पाउने सदस्यले लिखित प्रस्ताव कार्यसमिति समक्ष दर्ता गरी त्यस्ता प्रस्ताव सभामा पेश हुंदा दुईतिहाई सदस्यहरुद्वारा पारित भएमा त्यस्तो सदस्य वा पदाधिकारी स्वतःहटेको मानिनेछ।

४. तर निज उपर अविश्वासको प्रस्ताव दर्ता भएको भए निजलाई आफ्नो सफाई पेश गर्ने मुनासिब मौका दिइनेछ।

**३२. विधान संशोधन**

यो विधान संशोधन गर्नु परेमा साधारण सभाको दुई तिहाई सदस्यको बहुमतले संशोधन प्रस्ताव पारित गर्नुपर्नेछ। उपभोक्ता समिति दर्ता ऐन बमोजिम स्थानीय अधिकारीको स्वीकृती प्राप्त भएपछि मात्र संशोधन लागु हुनेछ।

**३३. नियम विनियम बनाउने**

उपभोक्ता समितिको उद्देश्य प्राप्त गर्न प्रचलित ऐन, कनून र विधान संग नबाझिने गरी कार्यसमितिले आवश्यक नियम, विनियम बनाई लागु गर्न सक्नेछ।

**३४. उपभोक्ता समितिको विघटन**

उपभोक्ता समितिको विधान बमोजिम कार्य गर्न नसकी वा अन्य कुनै कारणले उपभोक्ता समिति विघटन भएमा उपभोक्ता समितिको नाममा रहेको चल अचल, श्रीसम्पत्ति र कानून द्वारा श्रृजित दायित्व जलश्रोत ऐन, २०४९ र खानेपानी नियमावली, २०५५ बमोजिम तोकिएको निकायमा सर्नेछ।

**३५. दण्ड सजाय र जरीवाना**

कुनै पनि उपभोक्ताबाट आयोजनाको कुनै पनि चल अचल सम्पत्ति हानी नोक्सानी हुन गएमा उपभोक्ता समितिले निर्णय गरी जरीवाना तोक्न सक्नेछ।

**३६. व्याख्या गर्ने अधिकार**

यस विधानको व्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ।

**३७. निष्क्रिय हुने**

यस विधानमा लेखिएका कुराहरु प्रचलित कानून संग बाझिएमा बाझिएको हदसम्म स्वतःनिष्क्रिय भएको मानिनेछ।

<u>अनुसूची– १</u>

..........................................................................................खानेपानी उपभोक्ता समितिको विवरण

१. आयोजनाको नाम ...................................................................................योजना उपभोक्ता समिति

२. आयोजनाले ढाकेको क्षेत्र: .................................................

२.१. जिल्ला: दार्चुला

२.२. गा.पा./न.पा. : शैल्यशिखर नगरपालिका

२.३. वडानं. :.............

२.४. टोल/ बस्ती .....................................................................................

२.५. सदरमुकाम देखि दुरी ...................................... किलोमिटर / कोष

३. घरधुरी संख्या:

४. वर्तमान जनसंख्या:

५. प्रस्तावित पानीको मुहानको नाम र स्थल गा.पा./न.पा. शैल्यखिर वडा नं. .......... ठाउँको नाम ....

६. मुहानको किसिम: मुल

७. मुहानको क्षमता (लिटर प्रति मिनेट) :.......

८. दैनिक आवश्यक पर्ने पानी (लिटर) : .............

९. मध्य बस्ती देखि मुहान सम्मको अन्दाजी दूरी (किलोमिटर कोष) :...........

१०. मध्य बस्ती देखि मुहान सम्मको अन्दाजी ऊचाई (मिटर÷फिट):............

११. पानी पोखरी स्थलः...........................................................

१२. आवश्यकधारासंख्या ...........

१३. अन्दाजीलागत ..........

नोटःसम्भव भए सम्म माथिका सबै विवरणहरु भर्नु पर्नेछ।

१४.   उपभोक्ता समितिको प्रतिवद्धता

१४.१. आयोजनाको योजना तर्जुमा, विकास, निर्माण र संचालन तथा मर्मत सम्भार खानेपानी तथा सरसफाई डिभिजन/सब–डिभिजन कार्यालय तथा गैरसरकारी संस्थाको सहयोगमा उपभोक्ता समिति आफैले गर्नुपर्ने कामहरुको बारेमा उपभोक्ता समिति सहमत छ।

१४.२. आयोजना कुल लागतको २०% जनश्रमदान उपभोक्ताहरुले बेहर्नुपर्ने बारेमा उपभोक्ता समिति सहमत छ।

१४.३. यस्तो२०% लागत मध्ये आयोजना निर्माण पूर्व नै कम्तीमा १% नगदै अक्षय कोष को रुपमा संकलन गरी उपभोक्ता समितिको नाउंमा खाता खोली जम्मा गर्नुपर्ने बारेमा उपभोक्ता समिति सहमत छ।

१४.४. निर्माण पश्चात संचालन तथा मर्मत सम्भारका लागि आवश्यक रकम उपभोक्ता बाट संकलन गर्नुपर्ने बारेमा उपभोक्ता समिति सहमत छ।

१५. अन्यःकेही भए खुलाउने।

१६. प्रमाणित गर्ने उपभोक्ता समितिका पदाधिकारीहरुको नाम, थर र सहीः

१६.१.   अध्यक्ष ................

१६.२.   सचिव................

१६.३.   कोषाध्यक्षः.................

१६.४.   सदस्यः ....................

१६.५.   सदस्य ..................

<u>खानेपानी तथा सरसफाई आयोजना</u>

उपभोक्ताहरुको घर, घरमुली र निजको श्रीमान,श्रीमतीको नाम, थर, गा.पा.÷न.पा., वडा, टोल र परिवारको कुल सदस्य संख्या

| क्र. सं. | घरमुलीको नाम, थर | श्रीमान/श्रीमतीको नाम, थर | गा.पा./न.पा. | वाड नं. | टोल | सदस्य संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## नगरपालिकाको सिफारिस:

यस नगरपालिका अन्तर्गत वडा न.... .मा संचालन हुने खानेपानी आयोजनाको लागि गठन भएको उपभोक्ता समिति दर्ता हुन उपयुक्त देखिएकोले सिफारिश गरिन्छ। साथैउल्लेखित आयोजना संचालनको लागि आवश्यक मर्मत सम्भार कार्यमा यस नगरपालिकाको तर्फबाट पूर्ण सहयोग हुने जानकारी गराईन्छ।

सिफारिश गर्ने पदाधिकारी:

सही:

नाम: सुरेन्द्रबहादुर बिष्ट

पद:प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका/नगरपालिकाको छाप:

गाउँपालिका/नगरपालिका ........................................................

मिति: